तुलसीपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर,दाङ

लुम्बिनी प्रदेश,नेपाल

२०७३

पत्र संख्याः२०८० /०८१

चलानी नं: ६०२८

## सटर कोठाहरुको बहाल विटौली कर व्यस्थापन सम्बन्धि आन्तरिक आय तर्फको बोलपत्र / दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०३/२६

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) तथा दफा ६२(२) एवं यस उपमहानगरपालिकाको मिति २०८०/५/३०गतेको कार्यपालिकाको निर्णय र तुलसीपुर उपमहानगरपालिकाको आर्थिक एन२०८१ अनुसार तुलसीपुर उपमहानगरपालिकाको स्वामित्वमा रहेका बधशाला, आलुमण्डी, साझा बजारको सटरहरुमा यस कार्यालय संग भएको सम्झौता र आर्थिक ऐन अनुसार भाडामा लिई विगत लामो समय देखी व्यवसाय सञ्चालन गर्दै आइरहेका व्यवसायीहरु संगको सम्झौता र समझदारी रद्ध गरी उक्त बधशाला,आलुमण्डी, साझा बजारका सटरहरुवाट भाडा ब्यबस्थापन गर्न नँया ठेक्का प्रकृयाबाट व्यवस्थापन गर्ने निर्णय बमोजिम निम्न स्थानका सटरकोठाहरु भाडामा दिने प्रयोजानार्थ बार्षिक न्युनतम अंक तपसिल बमोजिम कायम हुने गरी मुल्य अभिबृद्धि करमा दर्ता भएका इच्छुक फर्म/कम्पनि/ प्रा.लि.ले तोकिएको न्युनतम अंकमा नघट्ने गरी बढाबढका आधारमा प्रतिस्पर्धा हुने गरी बोलपत्र/दरभाउ पत्र Ebidding/Hardcopyको माध्यमबाट पेश गर्न सम्वन्धित सवैका लागि यो सूचना प्रकाशन प्रकाशन गरिएको छ।

| क्र स | ठेक्का विवरण | सटर कोठा संख्या | दररेट रु. (मासिक) | ठेक्का नं. | वार्षिक न्युनतम अंक भ्याट बाहेक रु | ठेक्का अवधी | बोलपत्र दस्तुर रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | बधशाला क्षेत्र सटरकोठाहरु को बहाल विटौली कर ठेक्का | ४१ | प्रति सटर ५०००। | रा.१३ २०८१/०८२ | २४,६०,०००। | ३ वर्ष | ३,०००। | बोलपत्र |
| २ | आलुमण्डी सटरकोठाहरु को बहाल विटौली कर ठेक्का | १५ | प्रति सटर ५०००। | रा.१४ २०८१/०८२ | ९००,०००। | ३ वर्ष | १,०००। | दरभाउपत्र |
| ३ | साझा बजार सटरकोठाहरु | ४ | प्रति सटर १०,०००। | | ४८०,०००। | | | |



[signature] रोहेन्द्र बहादुर डाँगी

तुलसीपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर दाङ

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः२०८० /०८१

चलानी नंः

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | को बहाल विटौली कर ठेक्का अगाडि ४ वटा पछाडि१०वटा बिचमा ८वटा | १० | प्रति सटर ६,०००। | रा.१५ २०८१/ ०८२ | ७२०,०००। | ३ वर्ष | १,०००। | दरभाउपत्र |
| | | ८ | प्रति सटर ५,०००। | | ४८०,०००। | | | |
| | | | | | १६,८०,०००। | | | |

**शर्त तथा बन्देज**

१. बोलपत्र / दरभाउ पत्र सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३०/ १५ दिन सम्ममा बोलपत्र बापतको दस्तुर (फिर्ता नहुने गरी) तुलसीपुर उपमहानगरपालिका कार्यालयको नेपाल इन्भेष्टमेन्ट मेघा बैंक तुलसीपुरमा रहेको खाता नं.०३१०१४००२५००९२ मा जम्मा गरेको भौचरको scan copyपेश गरी www.bolpatra.gov.np/egpमार्फत अथवा यस कार्यालयबाट बोलपत्र/दरभाउतपत्र खरिद गर्न सकिनेछ ।

२.बोलपत्र साथ फर्म दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र २०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, स्थानीय तहमा दर्ता भएको व्यवसायी नविकरण प्रमाणपत्र बोलपत्र साथ संलग्न राखी आफुले कवोल गरेको अंकको ५प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडमा रहेको खाता नं.०३१०१४००२५००३० को धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयमा जारी गरिएको कम्तिमा १२० दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न हुनु पर्नेछ ।

३. शिलबन्दी बोलपत्र /दरभाउपत्र पेश गर्ने अन्तिम दिनको अपरान्ह २:००बजे बोलपत्रदाता/दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिने छ। निजको प्रतिनिधी सो समयमा उपस्थित नभए पनि कार्यालय प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

४. ठेक्का स्वीकृत भएको आर्थिक वर्ष कवोल अंकको ५०%अकको हुन आउने रकम यस कार्यालको खातामा दाखिला गरी कुल कवोल अंकको १३ प्रतिशतले हुन आउने मुल्य अभिबृद्धि कर वापतको रकम र १.५ ~~प्रतिशतले हुने अग्रिम आयकर वापतको रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको~~ प्रमाण ठेक्का



गेहेन्द्र बहादुर डाँगी

तुलसीपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर,दाङ

लुम्बिनी प्रदेश, नेपाल

२०७३

पत्र संख्या:२०८० /०८१

चलानी नं: ६०२२

सम्झौताका वखत एकमुष्ट पेश गर्नु पर्नेछ। साथै बाँकी ५० प्रतिशत ले हुन आउने रकम बरावर को प्रत्येक वर्षको श्रावण मसान्त सम्म अवधि भएको र यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकको बैक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ। र बाँकि रकम सम्झौता भएको मितिको सातौ महिना देखि मासिक रुपमा दामासाहीले दाखिला गर्नु पर्नेछ। तोकिएको समय भित्र भाडा रकम नबुझाएमा उक्त बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) बाट भाडा रकम असुल उपर गरिनेछ ।यसमा बेलपत्र दाताले कुनै किसिमको हक दावी गर्न पाउने छैन ।

५. प्रथम पक्ष (तुलसीपुर उ.म.न.पा) ले सटर कोठाहरुमा प्रथम पटक रंगरोगन व्यवस्थापन गर्नेछ। गर्नुपर्न

६. दोश्रो पक्षले लगातार ३ महिना भाँडा नबुझाएमा प्रथम पक्षले कोठा खाली गराउन सक्नेछ।

७. प्रत्येक बर्ष कबोल अंबको १० प्रतिसत रकम थप गरि ठेक्का रकम कायम गरिनेछ ।

८. दरभाउपत्र पेश गर्दा अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्ने छ ।तर अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईने छ ।

९. ठेकेदार र कार्यालय बिचमा ठेक्काको शर्त सम्बन्धिका कुरामा बिबाद पर्न गएमा तुलसीपुर उपमहानगरपालिका दाङको निर्णय अन्तिम हुनेछ। यसमा ठेकेदारले कुनै हक दाबि गर्न पाउने छैन।

१०. म्याद नाघी आएको र रीत नपुगेको दरभाउ उपर कुनै बारबाही गरिने छैन।

११. तोकिएको न्युनतम अकमा बढाबढ गरी सबैभन्दा बढि अंक कबोल गरेको बोलपत्र /दरभाउपत्रदाता लाई छनौट गरिनेछ।

१२. बोलपत्र सकार गर्ने दोश्रो पक्ष स्वयम्ले बिजुलि बत्ति खानेपानिको ब्यबस्था महसुल भुक्तानि गर्नु पर्नेछ।

१३. यस कार्यालयलाई बुझाउनु पर्ने रकम अप्रत्यासित घटना वा अन्य कारण देखाई मिनाहा माफी माग गर्न पाईने छैन। तर उपमहानगरपालिका कार्यपालिकाको बैठकको निर्णय बमोजिम बन्देज लगाएको दिन मात्रको दामासाहीले हिसाब गरी रकम मिलान/ फिर्ता गर्न सकिने छ।

१४. बुझाउनु पर्ने रकम बुझाउन बिलम्ब हुन गएमा प्रत्येक महिना पश्चात प्रतिमहिना बुझाउन बाँकि रहेको रकमको १० प्रतिशत बिलम्ब शुल्क /जरिबाना लाग्दै जानेछ ।

१५. यो सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

इमेल: tulsipursubmun2073@gmail.com सम्पर्क नं.: ०८२५२०३०५-५२०२३३ दमकल: ०८२-